# वैदेशिक सहायताको समन्वय तथा परिचलान सम्बन्धी उच्चस्तरीय समितिको कार्यविधि, २०६७

नेपाल सरकार
अर्थ मन्त्रालय
काठमाडौं
२०६७

# भूमिका

नीति बनाइने, लागू गरिने तर कार्यान्वयन आंशिकरुपमा मात्र हुन सक्ने परम्पराबाट नेपाल सरकारको वैदेशिक सहायता नीति, २०५८ पनि अपवाद बन्न सकेन । उदाहरणको लागि, उक्त नीतिमा वैदेशिक सहायतामा कार्यान्वयन गरिने आयोजनाको स्वीकृतिलाई सहज बनाउन अर्थमन्त्रीको अध्यक्षतामा एक उच्चस्तरीय समिति गठन गर्ने व्यवस्था गरिएको थियो । तर, झण्डै ९ वर्षमा समितिको बैठक एकपटक पनि बस्न सकेन ।

नेपालमा सन् १९५० को दशकको सुरुदेखि अहिलेसम्म पनि सार्वजनिक खर्चको महत्वपूर्ण स्रोतको रुपमा वैदेशिक सहायता रहेको छ । आर्थिक वर्ष २०६६/६७ को कुल बजेटको २९.४१ प्रतिशत र पुँजीगत बजेटको ७३.८० प्रतिशत वैदेशिक सहायताबाट व्यहोर्ने अनुमान गरिएको छ ।

यति हुँदाहुँदै पनि वैदेशिक सहायताको समन्वय र परिचालन प्रभावकारी हुन सकेको पाइदैन । २०६५ सालमा अर्थ मन्त्रालयले गरेको एक सर्वेक्षणले पनि सहायताको महत्व र आवश्यकता कायम रहेको/रहने तथा खासगरी सहायताको परिचालनमा थप प्रभावकारीता ल्याउनुपर्ने निष्कर्ष निकालेको परिप्रेक्ष्यलाई समेत ध्यानमा राखी नेपाल सरकारले तत्कालै उच्चस्तरीय समितिलाई क्रियाशील बनाउने निर्णय गरे अनुसार समितिको कार्यलाई व्यवस्थित गर्न "वैदेशिक सहायताको समन्वय तथा परिचालन सम्बन्धी उच्चस्तरीय समितिको कार्यविधि, २०६७" तयार गरिएको छ ।

**वैदेशिक सहायता समन्वय महाशाखा**
**अर्थ मन्त्रालय**

## १. पृष्ठभूमि :

१.१ नेपाल सरकारको वैदेशिक सहायता नीति, २०५८ ले अन्य कुराका अतिरिक्त वैदेशिक सहायतामा कार्यान्वयन गरिने आयोजनाहरुको स्वीकृतिलाई सहज बनाउन अर्थमन्त्रीको अध्यक्षतामा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष, अर्थ मन्त्रालयका सचिव, कानून तथा न्याय मन्त्रालयका सचिव, आयोजनासँग सम्बन्धित मन्त्रालयका सचिव र वैदेशिक सहायता समन्वय महाशाखाका सहसचिव सदस्य रहने गरी एक उच्चस्तरीय समिति गठन गरिने व्यवस्था गरेको थियो ।

१.२ साथै, वैदेशिक सहायता नीतिले अर्थ मन्त्रालयको वैदेशिक सहायता समन्वय महाशाखाले उच्चस्तरीय समितिको सचिवालयको रुपमा काम गर्ने पनि व्यवस्था गरेको थियो ।

१.३ नेपालको सामाजिक, आर्थिक विकासमा वैदेशिक सहायताको महत्व र योगदान महत्वपूर्ण रहँदै आएको तथा सहायताको आवश्यकतामा कमी नआए पनि २०६५ सालमा अर्थ मन्त्रालयले गरेको एक सर्वेक्षणले सहायताको परिचालन समन्वयात्मक र प्रभावकारी हुन नसकेको निष्कर्ष निकाल्यो ।

१.४ उल्लेखित परिप्रेक्ष्यलाई समेत विचार गरी नेपाल सरकारले मिति २०६७ असार ४ गते उच्चस्तरीय समितिलाई सक्रिय बनाउने निर्णय गर्‍यो । साथै, उच्चस्तरीय समितिमा सचिव (राजस्व), अर्थ मन्त्रालयलाई पनि सदस्य र वैदेशिक सहायता समन्वय महाशाखामा समन्वय सम्बन्धी काम हेर्ने उपसचिवलाई सदस्य-सचिवको रुपमा काम गर्न तोक्ने पनि निर्णय गर्‍यो । २०६७ असार ४ गतेको पछिल्लो निर्णयानुसार निम्नानुसारको उच्चस्तरीय समिति गठन गरिएको छ;

| | | |
|---|---|---|
| (क) | अर्थमन्त्री, अर्थ मन्त्रालय | अध्यक्ष |
| (ख) | उपाध्यक्ष, राष्ट्रिय योजना आयोग | सदस्य |
| (ग) | सदस्य (आर्थिक क्षेत्र हेर्ने), राष्ट्रिय योजना आयोग | सदस्य |
| (घ) | सचिव, अर्थ मन्त्रालय | सदस्य |
| (ङ) | सचिव (राजस्व), अर्थ मन्त्रालय | सदस्य |
| (च) | सचिव, कानून तथा न्याय मन्त्रालय | सदस्य |
| (छ) | सचिव, आयोजनासँग सम्बन्धित मन्त्रालय | सदस्य |
| (ज) | सहसचिव, वैदेशिक सहायता समन्वय महाशाखा, अर्थ मन्त्रालय | सदस्य |
| (झ) | उपसचिव (समन्वय), वैदेशिक सहायता समन्वय महाशाखा, अर्थ मन्त्रालय | सदस्य-सचिव |

## २. उच्चस्तरीय समितिको कार्य (क्षेत्र)

२.१ वैदेशिक सहायता नीतिको तर्जुमा तथा स्वीकृत गर्दा समितिलाई वैदेशिक सहायतामा कार्यान्वयन गरिने आयोजनाको स्वीकृतिलाई सहज बनाउने कार्य गर्न तोकिएको थियो । तर, सहायताको महत्व अझ बढ्दै गएको, आवश्यकतामा कमी नआएको, सहायताको परिचालन

समन्वयात्मक हुन नसकेको, दोहोरोपन देखिएको, राष्ट्रिय योजना आयोगको संलग्नता कम भएको, आयोजना बैंकको अभावमा दातृ संस्था/मुलुकबाट सहायताका प्रस्ताव (Offer) प्राप्त हुँदा पनि आयोजना प्रस्ताव उपलब्ध गराउन नसकिने, सहायताको उपयोगमा कमी आएको तथा परिचालन प्रभावकारी हुन नसकिरहेको अवस्था समेतलाई ध्यानमा राखी उच्चस्तरीय समितिको कार्यलाई केही विस्तार गर्ने निर्णय भए अनुसार अहिलेलाई निम्न क्षेत्र समेत समेट्ने गरी समितिको कार्य क्षेत्र विस्तार गरिएको छ;

(क) दातृसंस्था/मुलुकबाट प्राप्त सहयोग सम्बन्धी प्रस्तावहरु र विभिन्न मन्त्रालयबाट राष्ट्रिय योजना आयोगको सहमति सहित सहायताको पहल गरी दिन अर्थ मन्त्रालयमा प्राप्त भएका आयोजनाको प्राथमिकीकरण गरी दातृ संस्था/मुलुकसँग अनुरोध गर्न छनौट गर्ने,

(ख) वैदेशिक सहायता समेतबाट व्यहोर्ने गरी कार्यान्वयन भइरहेका तथा हुने आयोजनाहरुको (अहिलेलाई रु. १५ करोड भन्दा बढी विनियोजन भएका) तोकिए बमोजिमको ढाँचामा कार्यान्वयनको प्रगति मागी समीक्षा गर्ने र निर्देशन दिने,

(ग) सम्बन्धित मन्त्रालय र दातृ संस्था/मुलुकले कार्यान्वयनमा कुनै बाधा अड्चन आएको जानकारी दिएमा बाधा अडकाउ फुकाउने वा फुकाउन पहल गर्ने,

(घ) राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयमा संयुक्तरुपमा आयोजना संग्रह (Project Bank) स्थापना गर्ने व्यवस्था मिलाउने, र

(ङ) वैदेशिक सहायता नीतिलाई अद्यावधिक बनाउने, नयाँ नीतिको तर्जुमा गरी स्वीकृति तथा लागु गर्ने व्यवस्था मिलाउने ।

## ३. <u>उच्चस्तरीय समितिको बैठक सम्बन्धी व्यवस्था</u>

३.१ अर्थमन्त्रीको अध्यक्षतामा प्रत्येक महिनाको अन्तिम दिन अपरान्ह ३:०० बजे (सार्वजनिक विदा परेको अवस्थामा भोलिपल्ट/कार्यालय खुलेको दिन) समितिको बैठक बस्नेछ । अर्थमन्त्री कुनै कारणवश अनुपस्थित भएमा राष्ट्रिय योजना आयोगका उपाध्यक्षले बैठकको अध्यक्षता गर्नेछन् ।

३.२ अर्थमन्त्री तथा समितिका अध्यक्षसँग सल्लाह र समन्वय गरी समितिका सदस्य सचिवले बैठक बस्ने ५ दिन अगाडि बैठकको संक्षिप्त कार्यसूची (Agenda) तयार गरी समितिका सबै सदस्यलाई उपलब्ध गराउने छन् ।

३.३ समितिको बैठकमा आवश्यकतानुसार मन्त्रीहरु, राष्ट्रिय योजना आयोगका सदस्यहरु, मुख्य सचिव, नेपाल राष्ट्र बैंकका गभर्नर, सचिवहरु, दातृ संस्था/मुलुकका प्रतिनिधिहरु समेतलाई आमन्त्रण गर्न सकिनेछ ।

३.४ समितिका सदस्य सचिवले प्रत्येक बैठकको निर्णय तयार गरी समितिका अध्यक्षबाट प्रमाणित गराई वा अध्यक्षको आदेशानुसार आफैले प्रमाणित गरी कार्यान्वयनको लागि

अर्थ मन्त्रालयको वैदेशिक सहायता समन्वय महाशाखा अन्तर्गतकै अन्य शाखाहरु र अन्य सम्बन्धित निकायहरुमा लेखि पठाउने छ ।

## ४. आयोजनाको छनौट तथा प्राथमिकीकरण

४.१ वैदेशिक सहायतामा आयोजना कार्यान्वयन गर्न वा चालु आयोजनाहरुको म्याद थप गर्नुपर्ने, अतिरिक्त सहायताको व्यवस्था गर्नुपर्ने वा चालु आयोजनाको स्वरुप (Scope) मा संशोधन वा परिवर्तन गर्नुपर्ने अवस्थामा सम्बन्धित मन्त्रालयले राष्ट्रिय योजना आयोगको राय/प्रतिक्रिया/स्वीकृति सहित अनुसूची-१ (आर्थिक कार्यविधि नियमावली, २०६४ को अनुसूची-३) बमोजिमको ढाँचामा (अंग्रेजी भाषामा) अर्थ मन्त्रालयको वैदेशिक सहायता समन्वय महाशाखामा आयोजना प्रस्ताव पठाउनु पर्नेछ ।

४.२ सम्बन्धित मन्त्रालयबाट नयाँ आयोजनाको लागि सहायता पहल गरिदिन वा चालु आयोजनाको लागि अतिरिक्त सहायता पहल गरिदिन वा चालु आयोजनाको कुनै पक्षलाई संशोधन गर्ने सम्बन्धी प्रस्ताव सहितको अनुरोध प्राप्त भएपछि वैदेशिक सहायता समन्वय महाशाखाका सम्बन्धित दातृ संस्था/मुलुक र मन्त्रालय हेर्ने शाखाहरुले तुरुन्त सहायता सूचना व्यवस्थापन प्रणाली (Aid Information Management System) मा प्रविष्टी गरी सम्बन्धित प्रस्तावहरु समितिका सदस्य सचिवलाई उपलब्ध गराउनु पर्नेछ ।

४.३ प्राप्त प्रस्तावहरु उच्चस्तरीय समितिमा छलफल तथा निर्णयको लागि पेश गरिनेछ । समितिले अनुसूची-२ मा उल्लेखित विभिन्न पक्षहरुको आधारमा सहयोगको लागि अगाडि बढाइने, प्राथमिकता तोक्ने, म्याद थप गर्ने वा संशोधन गर्ने सम्बन्धी निर्णय गर्नेछ ।

४.४ समितिको माथि ४.३ मा उल्लेखित निर्णयको जानकारी पाएपछि सम्बन्धित मन्त्रालय, निकाय र अर्थ मन्त्रालयको वैदेशिक सहायता समन्वय महाशाखाका सम्बन्धित शाखाहरुले सहायताको परिचालन तथा समन्वय सम्बन्धी कार्यलाई नियमानुसार अगाडि बढाउनु पर्नेछ ।

## ५. आयोजना बैंक

५.१ आवधिक योजना, क्षेत्रगत योजना र वार्षिक कार्यक्रम तथा बजेटको परिधिभित्र रही प्रत्येक संवैधानिक अंग, मन्त्रालय र अन्य सरकारी निकायले अनुसूची-१ (आर्थिक कार्यविधि नियमावली, २०६४ को अनुसूची-३) मा तोकिएको ढाँचामा आयोजना प्रस्तावहरु (अंग्रेजी भाषामा) तयार गरी अर्थ मन्त्रालयको वैदेशिक सहायता समन्वय महाशाखा र राष्ट्रिय योजना आयोगमा एक/एक प्रति पठाउनु पर्नेछ ।

५.२ पहिलो पटक वैदेशिक सहायतामा कार्यान्वयन गर्न आवश्यक देखिएका कम्तिमा तीन आयोजना प्रस्तावहरु तयार गरी २०६७ असोज मसान्तसम्म अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगमा पठाउनु पर्नेछ ।

५.३ २०६७ असोजपछि पनि प्रत्येक दुई महिनामा नयाँ आयोजना प्रस्तावहरु तयार गरी अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगमा नियमितरुपमा पठाउनुपर्नेछ ।

५.४ आयोजना बैंकमा रहेका आयोजनाको छनौट तथा प्राथमिकीकरण गर्ने क्रममा समितिले अनुसूची-२ मा उल्लेखित कुनै एक वा बढी आधारहरुको सहयोग लिन सक्नेछ ।

५.५ दातृ संस्था/मुलुकबाट सहायताको प्रस्ताव (aid offer) प्राप्त भएको अवस्थामा पनि आयोजना बैंकमा जम्मा भएका भन्दा वाहिरका आयोजनाको कार्यान्वयनका लागि सहायता परिचालन गर्न समितिले स्वीकृत नदिन सक्नेछ ।

## ६. चालु आयोजनाको अनुगमन तथा मूल्याकंन

६.१ प्रत्येक महिनाको अन्तिम दिन बस्ने उच्चस्तरीय समितिले रु. १५ करोड भन्दा बढी वार्षिक विनियोजन भएका चालु आयोजनाको अनुगमन तथा मूल्याङ्कन समेत गर्नेछ ।

६.२ उच्चस्तरीय समितिले अनुगमन तथा मूल्याङ्कन सम्बन्धी समीक्षा गर्ने प्रयोजन समेतको लागि वैदेशिक सहायता समेत उपयोग गरी कार्यान्वयन भइरहेका आयोजनाहरुको अनुसूची-३ बमोजिमको विवरण प्रत्येक महिनाको २५ गते भित्र आयोजनासँग सम्बन्धित मन्त्रालयले अर्थ मन्त्रालयको वैदेशिक सहायता समन्वय महाशाखा र राष्ट्रिय योजना आयोगमा पठाउनु पर्नेछ ।

६.३ उच्चस्तरीय समितिले समीक्षा पश्चात् गरेका निर्णयको जानकारी प्राप्त भएपछि आयोजनासँग सम्बन्धित मन्त्रालयले उच्च प्राथमिकता साथ निर्णयको कार्यान्वयन तथा निर्देशनको पालना गरी त्यसको मासिक प्रगति समितिका सदस्य सचिवलाई उपलब्ध गराउनुपर्नेछ ।

## ७. वैदेशिक सहायता नीति अद्यावधिक गर्ने

७.१ नेपाल सरकारले २०५८ सालमा वैदेशिक सहायता नीति स्वीकृत गरी लागू गरेको थियो । यो नीति कार्यान्वयनमा आएको झण्डै ९ वर्ष व्यतित भइसकेको तथा यस अवधिमा वैदेशिक सहायताको प्रकार, संरचना, सोच, प्रभावकारीता जस्ता विषयमा नयाँ नयाँ परिवर्तन (जस्तै पेरिस घोषणापत्र) आएको हुँदा समयसापेक्ष हुने गरी वैदेशिक सहायता नीति अद्यावधिक गर्ने/गराउने, सरोकारवालासँग छलफल गर्ने/गराउने र स्वीकृतिका लागि नेपाल सरकार समक्ष पेश गर्ने व्यवस्था मिलाउन उच्चस्तरीय समितिले अर्थ मन्त्रालय तथा दातृ निकायलाई निर्देशन दिन सक्नेछ ।

## ८. अन्य

८.१ आयोजनाको कार्यान्वयन तथा वैदेशिक सहायताको परिचालन सम्बन्धमा कुनै एक मन्त्रालयले एक्लैले समस्या समाधान गर्न नसक्ने तथा समस्या समाधानको लागि उच्चस्तरीय समितिको अघिल्लो बैठकसम्म कुर्न नसकिने अवस्थामा सम्बन्धित मन्त्रालयले तुरुन्त समस्याको सूचना अर्थ मन्त्रालयको वैदेशिक सहायता समन्वय महाशाखामा लेखि पठाउनु पर्नेछ ।

८.२ यस्तो सूचना पाएपछि अर्थ मन्त्रालयको वैदेशिक सहायता समन्वय महाशाखाले आवश्यकतानुसार अर्थ सचिव र समितिका अध्यक्षसँग समेत सम्पर्क गरी तत्काल समस्या समाधान गर्न पहल गरी पछिल्लो स्थितिको बारेमा सदस्य सचिवले समितिको आउँदो बैठकमा जानकारी गराउनुपर्नेछ ।

# अनुसूची – १

## (४.१ र ५.१ को प्रयोजनको लागि)

१. **आयोजनाको नाम :**

१.१. **आयोजनाको रुपरेखा**

१.१.१ आयोजनाको उद्देश्य

१.१.२ आयोजनाको क्षेत्र

१.१.३ आयोजनाको कार्यान्वयन अवधि

१.२. **आयोजनाको कुल लागत अनुमान रु.**

१.२.१ विकास तथा निर्माण लागत

१.२.२ सञ्चालन लागत

१.२.३ अन्य (अनुदान दिनुपर्ने भए सो खुलाउने)

१.३. **लागत व्यहोरिने स्रोत**

१.३.१ नेपाल सरकार

१.३.२ वाह्य सहयोग

- ऋण
- अनुदान

१.४. **आयोजनाबाट प्राप्त हुने प्रतिफल**

१.४.१ उत्पादन वृद्धिमा पुग्ने सहयोग वा योगदान

१.४.२ रोजगारीमा हुने वृद्धि

१.४.३ आयोजनाको आन्तरिक प्रतिफल

१.४.४ अन्य आर्थिक सामाजिक प्रतिफल

आर्थिक :

सामाजिक :

१.५. **आयोजनाको आर्थिक विश्लेषण**

१.५.१ लागत लाभको अनुमानित अनुपात

१.५.२ लागत प्रभावकारीताको अनुमान

१.६. **आयोजना कार्यान्वयन र खर्च तालिका**

| वर्ष | प्रमुख कार्य र परिभाषा | | | लागत अनुमान | | | |
|---|---|---|---|---|---|---|---|
| | प्रमुख कार्य | एकाई | परिमाण | विकास निर्माण | सञ्चालन | अन्य | जम्मा |
| | | | | | | | |

१.७. **आयोजना कार्यान्वयन र खर्च तालिका**

१.७.१ आवश्यक पर्ने जनवल

| वर्ष | संख्या |
|---|---|
| | |

१.७.२ निर्माण सामग्री

| वर्ष | निर्माण सामग्री विवरण | एकाई | परिमाण |
|---|---|---|---|
| | | | |

## १.८. आयोजना सञ्चालन प्रस्ताव

आयोजना चरणको कार्यसम्पन्न भइसकेपछि सञ्चालन अवस्थामा कसरी त्यसको सञ्चालन गरिने हो, सञ्चालन खर्च कति लाग्न सक्दछ र कति आय आर्जन गर्न सकिन्छ वा उपभोक्तालाई हस्तान्तरण कहिले गर्ने सो खुलाउनु पर्दछ ।

१.८.१ सञ्चालन प्रवन्ध

१.८.२ खर्च अनुमान : कम्तिमा तीन वर्षको लागि

१.८.३ उपभोक्तालाई हस्तान्तरण गरिने योजना भए नेपाल सरकारको सहयोग आवश्यक पर्ने वा नपर्ने:

१.८.४ सम्भावित आय आर्जन कम्तिमा तीन वर्षको

# अनुसूची - २
# (४.२ को प्रयोजनको लागि)

१. **आयोजना छनौट तथा प्राथमिकताका आधार**

(क) प्रस्तावित आयोजना राष्ट्रिय विकासको उद्देश्य, क्षेत्रगत (Sectoral) कार्यनीति अनुकूल छ, छैन एवम् स्वीकृत आवधिक योजनामा समावेश भएको हो, होइन भन्ने सम्बन्धमा मन्त्रालयले राष्ट्रिय योजना आयोगको परामर्श लिएको;

(ख) आयोजनाको कामको लागि प्रस्ताव गरिएको खर्चका आधारहरु प्रचलित मूल्य, लाभ, लागत खर्चको आधारमा मनासिब छ भन्ने सिफारिस आयोजना, प्रतिवेदन प्रस्तुत गर्ने विभागीय प्रमुखले गरेको हुनुपर्ने;

(ग) आयोजना प्रस्ताव पेश गर्दा सो आयोजना सम्पन्न भएपछि उक्त आयोजना सुचारु एवम् दिगोरुपमा सञ्चालन गर्न आयोजना सञ्चालन योजना प्रस्ताव (Project Operation Plan) पनि आयोजना प्रतिवेदन प्रस्तुत गर्ने विभागीय प्रमुखले सिफारिस साथ पेश गरेको हुनु पर्ने ।

२. **अन्य आधार**

| क्र.सं. | आयोजना प्राथमिकीकरण सूचक | अंक | आयोजना प्रस्ताव गर्ने निकाय आफैले दिएको अंक | उच्चस्तरीय समितिले दिएको अंक |
|---|---|---|---|---|
| १. | राष्ट्रिय प्राथमिकता अन्तर्गतको | १० | | |
| २. | विस्तृत लागत-लाभ तथा प्रभाव अध्ययन गरिएको | १० | | |
| ३. | निजी क्षेत्रको लगानी प्रवर्द्धन तथा निकासी व्यापारमा सहयोग पुग्ने | ५ | | |
| ४. | प्रविधि हस्तान्तरणको सुनिश्चितता भएको | ५ | | |
| ५. | क्षेत्रगत लक्ष्य/सहस्राब्दी विकास लक्ष्य हासिल गर्नमा योगदान | १० | | |
| ६. | बञ्चितिकरणमा परेका नागरिकको आयोजना कार्यान्वयन र प्रतिफल प्राप्तिमा सुनिश्चितता तथा क्षमता अभिवृद्धिमा योगदान | ५ | | |
| ७. | सरोकारवाला तथा स्थानीय निकायसँगको समन्वय | १० | | |
| ८. | वजेटरी सहयोग, पुल फन्डिङ्गको रुपमा सहयोग प्राप्त हुने अवस्था | १० | | |
| ९. | पिछडिएको क्षेत्रमा सञ्चालन गरिने | ५ | | |
| १०. | सहायता रकमको प्रवाहमा राष्ट्रिय प्रणाली प्रयोग तथा वित्तीय उत्तरदायित्वको सुनिश्चितता | १० | | |
| ११. | विनिमय दर उतारचढावबाट अप्रभावित तथा कम ऋणसेवा शुल्क | ५ | | |
| १२. | श्रोतको सुनिश्चितता र ५ वर्षभित्र सम्पन्न हुने | ५ | | |
| १३. | रोजगारी सिर्जनामा सहयोग पुग्ने | ५ | | |
| १४. | कार्यक्रम खर्च ७० प्रतिशत भन्दा बढी भएको | ५ | | |
| | जम्मा: | १०० | | |

द्रष्टव्य: अनुसूची-१ बमोजिमको विवरण पठाउँदा सम्बन्धित मन्त्रालयले यस अनुसूचीको २ (अन्य आधार) को "आयोजना प्रस्ताव गर्ने निकाय आफैले दिएको अंक" महल समेत भरेको हुनुपर्नेछ ।

## अनुसूची - ३
## (६.२ को प्रयोजनको लागि)

१. आयोजना/परियोजना/कार्यक्रमको नाम :

२. कार्यान्वयन गर्ने मन्त्रालय :

३. दातृ निकाय :

४. सहयोगको किसिम ( ऋण, अनुदान वा दुवै):

५. संझौता सम्पन्न मिति :

६. परियोजना कार्यान्वयन हुने स्थान :

७. अवयव/संभागहरु (components) :

८. उद्देश्यहरु :

९. परियोजना अवधि : ..........देखि......................सम्म

परियोजनाको कूल लागत नेपाल सरकारको श्रोततर्फ : रु. .................................. लाख

वैदेशिक श्रोततर्फ : जम्मा : ...........................मिलियन डलर/.......

(क) ऋण : ...................... मिलियन डलर/.......

(ख) अनुदान ......................मिलियन डलर/.......

१०. आयोजना/कार्यक्रमको हालसम्मको कार्यान्वयन स्थिति (संक्षेपमा):

११. आयोजना/कार्यक्रमको चालू आ.व.को :

(क) बजेट विनियोजन : रु. .........................लाखमा

(ख) कार्य योजना (संक्षेपमा):

१२. प्रगति विवरण :

(क) भौतिक प्रगति - गत आ.व. सम्मको ........................ (प्रतिशतमा)

- यस आ.व. सम्मको अनुमान ..............(प्रतिशतमा)

(ख) वित्तीय प्रगति - गत आ.व. सम्मको .......................... (प्रतिशतमा)

- यस आ.व. सम्मको अनुमान ............. (प्रतिशतमा)

(ग) लेखापरीक्षण प्रतिवेदन समयमा पेश भए/नभएको :

(घ) शोधभर्ना समयमा माग भए/नभएको :

१३. समयमा प्रतिवेदन/लेखापरीक्षण भएको छ/छैन ?

१४. कार्यसम्पादनको क्रममा आइपरेका समस्याहरु (कुनै भए) :

१५. समस्या समाधानका लागि अपनाउनु पर्ने उपायहरु :

१६. समस्या समाधानका लागि अर्थ मन्त्रालयबाट अपेक्षा गरिएका सहयोगहरु :